# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, बैशाख २६ गते, २०७६ साल (अतिरिक्ताङ्क ५

## भाग १

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको ऐन नं. ४

# प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन, २०७५

प्रस्तावनाः प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बनेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा ९ को उपदफा (१) मा संशोधनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा रहेको "२ महिना अगावै" भन्ने शब्दको सट्टा "१५ दिन अगावै" भन्ने शब्द राखिएको छ ।

३. **मूल ऐनको दफा ९ को उपदफा (२) मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (२) मा रहेको "१ महिना भित्र" भन्ने शब्दको सट्टा "७ दिन भित्र" भन्ने शब्द राखिएको छ ।

**प्रमाणीकरण मितिः- २०७६/०१/२६**

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सरकारको सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- www.p1moial.gov.np